बारेकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
९७५८००३०८०/९८५८०४४६६६
barekotrm@gmail.com

प.सं. : २०७८/०७९ मिति : २०७८/१२/०२
च. नं. :

## ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टीको स्थानीय तह निकासी शुल्क संकलन गर्ने ठेक्का बन्दोवस्ती सम्वन्धी १५ (पन्ध्र) दिने सिलबन्दी दरभाउ पत्र आव्हान

**प्रकाशन मिति २०७८/१२/०२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) तथा दफा ६२ को (क) (१) बमोजिम बारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौट स्थानीय तह निकासी संकलन गर्न कर्णाली प्रदेश सरकारको आर्थिक ऐन २०७८ को अनुसूची ४ बमोजिमको दररेटमा यस गाउँ कार्यपालिकाको मिति २०७८/११/२७ गते बसेको कार्यपालिका बैठकको निर्णय बमोजिम तपशिलको दररेटमा बढाबढमा विभिन्न स्थानका खोला, नदी, नालाहरुबाट ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौट संकलन र विक्रि सम्वन्धी ठेक्का बन्दोवस्त गर्ने निर्णय भएको हुँदा इच्छुक व्यक्ति वा फर्म/कम्पनीहरुले तोकिएको अवधी भित्र रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिएको छ।

**तपशिल**

| क्र. सं. | सूचना/ ठेक्का नं. | ठेक्काको किसिम | आइइ प्रतिवेदनका आधारमा उत्खन्नन गरिने नाकाहरु | न्युनतम ठेक्का रकम रु. (मु.अ.क. बाहेक) | प्रति घनमिटर | धरौटी रकम | सिलबन्दी दरभाउपत्र फाराम दस्तुर | सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०७८/०७९/०१ | नदिजन्य पदार्थहरु (ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौट) | १. बारेकोट गाउँपालिका वडा नं. ५ बालुवा देखि बारेकोट गाउँपालिका वडा नं. ८ को नरसिङ्गाड सम्मको क्षेत्र<br>२. बारेकोट ५ काउली दोमिल्ला देखि वडा नं. ७ को राता ढुङ्गा सम्मको क्षेत्र | रु. १००००००।- | रु. १०५।- | कबुल अंकको ५ प्रतिशत | रु. १०००।- | सिलबन्दी दरभाउपत्र खुलेको १५ औं दिनको कार्यलय समय भित्र |

**ठेक्का सम्वन्धी सर्तहरु -:** बारेकोट गाउँपालिकाको सूचना पाटी र गा.पा. को website www.barekotmun.gov.np मा उपलब्ध छ।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

बारेकेट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
☎ ९७५८००३०८०/९८५८०४४६६६
✉ barekotrm@gmail.com

प.सं. : २०७८/०७९ मिति :

च. नं. :

**ठेक्का सम्वन्धी शर्तहरु :**

१. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्दा फर्म/कम्पनीले फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर तथा आ.व. २०७७/०७८ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ । यदि सिलबन्दी दरभाउपत्रदाता व्यक्ति भएको हकमा भने नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

२. सिलबन्दी दरभाउपत्र फाराम दस्तुरको लागि रु. १०००।– एक हजार मात्रको नागदी रसिद बुझाई वा कृषि विकास बैंक शाखा कार्यालय लिम्सामा रहेको कार्यालयको आन्तरिक राजश्व खाता नं. ०७२६४०१५४८०९७०९१ मा दाखिला गरेको सक्कलै भौचर सहित सूचना प्रकाशन भएको मितिले १५ (१५) दिन भित्र कार्यालय समय भित्र बुझाई खरिद गरिसक्नु पर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन १२:०० बजे भित्र पेश गरि सक्नु पर्नेछ । पेशहुन आएका सिलबन्दी दरभाउपत्रहरु सोहिदिन १२:०० बजे पछि प्रतिनिधिहरुको रोहवरमा खोलिने छ र सिलबन्दी दरभाउपत्र खोल्ने समयमा सिलबन्दी दरभाउपत्रदातको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा हुने छैन ।

४. शिलबन्दी सिलबन्दी दरभाउपत्रमा ठेक्का कबुल रकमको ५ प्रतिशतले हुने रकम यस कार्यालयको कृषि विकास बैंक शाखा कार्यालय लिम्सामा रहेको खाता नं. ०७२६४०१५४८०९७०३० धरौटी खातामा जम्मा गरि सोको सक्कलै भौचर सहित फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर तथा आ.व. २०७७/०७८ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपि, पेश गर्नु पर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र दाताले आफूले कवोल गरेको ठेक्का रकम सिलबन्दी दरभाउपत्र फाराममा अंक र अक्षरमा स्पष्ट रुपमा लेखी सहि छाप गरि खामबन्दी गरि शिल लाह छाप लगाई खामको माथि आफ्नो नाम, ठेगाना, सम्पर्क नं. र ठेक्का नं. लेखि सिलबन्दी दरभाउपत्र फाराम दर्ता गराउनु पर्नेछ ।

६. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको सिलबन्दी दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन ।

७. सिलबन्दी दरभाउपत्र फाराममा भरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८. सिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा दर्ता गराउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको लगतै कार्यालय खुलेको दिनमा गरिने छ ।

९. न्युनतम ठेक्का रकम भन्दा सबै भन्दा बढी अंक रकम कबोल गर्ने सिलबन्दी दरभाउपत्रदाताको सिलबन्दी दरभाउपत्र स्वीकृत गरिनेछ ।

९७५८००३०८०/९८५८०४४६६६
barekotrm@gmail.com

१०. सिलबन्दी दरभाउपत्र स्वीकृत पश्चात पत्र बुझेको ७ दिन भित्र सम्झौत गर्न नआएमा ५ प्रतिशत राखेको धरौटी रकम जफत हुनेछ।

११. ठेक्का स्वीकृत भएपछि ठेकेदारले कबोल अंकको पुरा रकम यस कार्यालयको कृषिविकास बैंकमा रहेको आन्तरिक राजश्व खाता नं. ०७२६४०१५४८०९७०९१ खातामा जम्मा गरेको सक्कलै भौचर कार्यालयमा दाखिला भएपछि मात्र उक्त कार्यको कार्यादेश/चलान पुर्जि दिईने छ ।

१२. ठेक्काको अवधि सिलबन्दी दरभाउपत्रदातासँग सम्झौता भएपछि २०७९ असार मसान्त सम्म रहनेछ।

१३. ठेक्का सम्झौता भईसकेपछि बन्द हड्ताल वा कुनै कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट र मिनाह माफि दिईने छैन।

१४. ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौट निकासी शुल्क प्रति घनमिटर १०५।– रुपैयाँका दरले लिन पाउने छ।

१५. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भई ठेक्का रद्द समेत गर्न सकिने छ।

१६. ठेकेदारले ठेक्का भोकचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ।

१७. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा निहित हुनेछ।

१८. पेश भएको सिलबन्दी दरभाउपत्रमा केरमेट भएको, सहि छाप नभएको, म्याद नाघि दर्ता हुन आएको सिलबन्दी दरभाउपत्र स्वीकृत गरिने छैन।

१९. सिलबन्दी दरभाउपत्र दाता तथा गाउँपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा गाउँपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिने छ।

२०. ठेकेदारले ठेक्का स्वीकृत भए पश्चात ठेक्का कवोल रहेको १३ प्रतिशत मूल्य अभिवृद्धिकर र १.५ प्रतिशत अग्रिम आयकरको रकम ठेकेदारले छुट्टै आन्तरिक राजश्व कार्यालयमा दाखिला गरि सोको प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ । साथै ठेकेदार व्यक्ति भएको हकमा १.५ प्रतिशत अग्रिम आयकरको रकम र ठेक्काको किस्ता बुझाउँदा ठेक्का अंकको १३ प्रतिशतले मु.अ. कर समेत यस कार्यालयमा बुझाउनु पर्ने छ।

२१. नदिजन्य पदार्थहरु नदीलाई नै घाटगद्दी स्थल तोकी सोही निर्धारित स्थलबाटमात्र उत्खनन तथा विक्रिवितरण गर्नु पर्नेछ।

२२. यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछ।

२३. यस गाउँपालिकाको नदि तथा खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा घ (१),(२) र (६) मा भएको व्यवस्था, यस सम्वन्धी प्रचलित ऐन नियम, नदिजन्य निर्माण सामग्रीहरुको उपयोग सम्वन्धमा भएको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, वा उल्लेखित प्रावधान विपरित हुने गरि कार्य गर्न पाईने छैन।

२४. ठेकेदारले राखेको धरौटी ठेक्का अवधी समाप्त भए पश्चात आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ताको प्रमाण ल्याए पछि फिर्ता गरिनेछ। साथै कार्यालयबाट उपलब्ध गराएको पट्टामा उल्लेखित दर भन्दा बढी दरमा निकासी दस्तुर असुली गरेको पाईएमा सोहि धरौटी कट्टा गरि सम्वन्धित व्यक्तिलाई फिर्ता गरिनेछ।

२५. ठेक्का सँग सम्वन्धित रसिदहरु ठेकेदार स्वमं आफैले छपाई गरि यस गाउँपालिकाबाट प्रमाणित गरि प्रयोग गर्नु पर्ने छ । कार्यालयबाट प्रमाणित नगरि रसिद प्रयोग नगरेको पाईएमा नियमानुसार कारवाही हुने छ।

☎ ९७५८००३०८०/९८५८०४४६६६
✉ barekotrm@gmail.com

२६. यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएको कुराको हकमा नेपालको प्रचलित कानून बमोजिम हुनेछ।

२७. प्रचलित नियमानुसार कालो सूचिमा परेका र गाउँपालकालाई बुझाउनुपर्ने बाँकि बक्यौता भएका व्यक्ति, फर्म/कम्पनीहरुको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

.........................

प्रमुख प्रशासकीय अधिकृत

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

निर्माण सामग्री उत्खनन तथा संकलन

बारेकोट गाउँपालिकाले तयार गरी सम्वन्धित निकायबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण IEE प्रतिवेदनमा सिफारिस भए बमोजिमको आ.व. २०७८/०७९ मा देहायका स्थानबाट निम्न बमोजिमको परिमाणमा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौट) तोकीएको स्थानमा उत्खनन तथा संकलन गरि बिक्रि बितरण गर्नुपर्नेछ।

| क्र.सं. | नदिजन्य पदार्थ उत्खनन गर्ने खोल/नदीको नाम | उत्खनन गर्ने स्थान | न्युनतम उत्खनन परिमाण | उत्खनन किसिम |
|---|---|---|---|---|
| १. | १. बारेकोट गाउँपालिका वडा नं. ५ बालुवा देखि बारेकोट गाउँपालिका वडा नं. ८ को नरसिङ्गाड सम्मको क्षेत्र।<br>२. बारेकोट ५ काउली दोमिल्ला देखि वडा नं. ७ को राता ढुङ्गा सम्म | नरसिङ्गाड खोला क्षेत्र | १०००० घ.मि. | ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौट |

**संकलन केन्द्र राख्ने स्थान**

| क्र. सं. | ठेक्काको किसिम | संकलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| १. | नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौट) को बिक्री तथा गाउँपालिका आन्तरिक निकासी कर संकलन कार्य | खोला परिसर वा खोला किनार भन्दा कम्तिमा १०० मि. टाढा मात्र घाट गद्दी गर्न पाईने छ। | मुख्य सडक र सहायक सडकमा तगारो राख्न पाईने छैन। |

**अन्य निर्देशनहरु:**

१. ठेकेदारले नदीबाट निर्माण सामग्रीहरु उत्खनन र संकलन उत्खनन परिमाणहरु सम्वन्धित रेन्जपोष्टबाट जाँचपास दरपिट गराई लैजानु पर्नेछ। नदीबाट निर्माण सामग्री संकलन वा निकासी गर्दा प्रयोग गरिने साधनहरु जथाभावी प्रयोग नगरि नदीबाटै ढुवानी गर्नु पर्नेछ।

☎९७५८००३०८०/९८५८०४४६६६
✉ barekotrm@gmail.com

२. नदीबाट निर्माण सामग्रीहरु उत्खनन गर्दा वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरि कुनैपनि कार्य गर्न पाईने छेन अन्यथा नियमानुसार कार्वाही हुनेछ।

३. ठेकेदारले यसमा भएका सम्पूर्ण शर्तहरु पूर्णरुपले पालना गर्नु पर्नेछ र सोको अनुगमन बारेकोट गाउँपालिका र जिल्ला समन्वय समितिबाट हुन सक्नेछ। यस्तो अनुगमनबाट ठेक्का सूचनामा उल्लेखित शर्तहरु र यसमा र यसमा उल्लेखित शर्तहरु उलङ्घन भएको पाईएमा कार्यालयले ठेक्का तोड्न सक्नेछ र सोबाट ठेकेदारलाई हानीनोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्येसको क्षतिपूर्ति दिन बाध्य हुने छैन।

४. नदीबाट निर्माण सामग्रीहरु उत्खनन र संकलन गर्दा भौतिक, जैविक, सामाजिक आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्वन गरी ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौट आदि सङ्कलन तथा ढुवानी गर्नु पर्नेछ।

५. निर्माण सामग्रीहरु उत्खनन गर्न नदीसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ। सो बापत लागेको खर्च गाउँपालिकामा दाबी गर्न पाईनेछैन।

६. नदीबाट निर्माण सामग्री उत्खनन गर्दा नजिक रहेको सडक वन तथा नदी नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र अर्काको जग्गा, कुलो बाँधमा क्षति नहुने गरी उत्खनन गर्नुपर्नेछ। क्षति भएमा क्षतीपुर्तिको लागि ठेकेदार स्वंयम जिम्मेवार हुनेछ।

७. पुल, कल्भर्ट, कजवे, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ ५०० मिटर भित्र निर्माण सामग्री उत्खनन गर्न पाईने छैन।

८. मुख्य मार्गबाट वोल्डर, ग्राभेल बालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजि जग्गामा पर्ने भए सम्वन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले निर्माण गर्नुपर्नेछ।

९. गाउँपालिकाबाट निर्धारण भएकव दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शूल्क वा दस्तुर लिन पाइनेछैन। यदि कुनै त्यस्तो अनधिकृत रकम असुल गरेको वा अनधिकृत रसिद प्रयोग गरेको तथ्य कार्यालयबाट अनुगमन हुँदा वा अन्य कतैबाट भएको उजुरीउपर छानविन गर्दा देखिएमा नियमानुसार कारवाही हुनेछ।

१०. ठेक्का सम्झौता भई ठेक्का चलनपुर्जी जारी गरिएपछि कुनै किसिमको मिन्हा माफी हुने छैन तर नेपाल सरकार वा कर्णाली प्रदेश सरकारबाट ठेक्का रोक्का वा वदर गर्ने निर्णय भएमा बाँकी अवधिको दामासाहिले हुने रकम रोक्का गर्ने सरकार वा निकायबाट सोधभर्ना भएमा राजश्व परामर्श समितिको सिफारिशमा गाउँपालिकाको निर्णयानुसार मिन्हा माफी दिन सकिनेछ।

११. यस ठेक्का सम्झौताको अवधि ठेक्का सम्झौता भएको मितिको भोलिपल्टदेखि २०७९ साल असार मसान्त सम्म रहनेछ।

१२. ठेकेदारले नियमानुसारको मूल्य अभिबृद्धि कर रकम समेत उठाउनु पर्नेछ।

☎ ९७५८००३०८०/९८५८०४४६६६
✉ barekotrm@gmail.com

१३. ढुङ्गा गिट्टी बुलुवाको उत्खनन/संकलन गर्दा एक्साभेटर, जस्ता मेसिन उपकरणहरको प्रयोग बालुवा संकलनमा प्रयोग गर्न पाईने छैन। भने सडकमा प्रयोगहुने ग्राभेल संकलनमा पाउनेछ।

१४. चालु आर्थिक वर्षको तोकिएको समयावधिभित्र उत्खनन गरेको निर्माण सामग्रीहरु २०७९ अषाढ मसान्त भित्र विक्री वितरण गरि सक्नु पर्नेछ। मौज्दात बाँकी रहेको भनि प्रमाणित गरिनेछैन।

१५. उत्खनन पश्चात काम नलाग्ने भनी छोडीएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो सोहि स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ।

१६.स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्युनिकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन तथा विक्रीवितरण गर्नु पर्नेछ।

१७. ठेकेदारका कर्मचारी तथा कामदारहरुको कारण वातावरणमा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी कार्य गर्ने व्यवस्था ठेकेदारले नै मिलाउनु पर्नेछ।

१८. यसमा उल्लेख भएका शर्त तथा निर्देशनहरु र प्रकाशित ठेक्का सूचनामा उल्लेखीत सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, बारेकोट गाउँपालिकाको गाउँसभा, गाउँ कार्यपालिकाका निर्णयहरु र नेपाल सरकार, प्रदेश सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछ।

बारेकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
☎९७५८००३०८०/९८५८०४४६६६
✉ barekotrm@gmail.com

## निवेखनको ढाँचा

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु
बारेकोट गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट

विषय : दरभाउ पत्र पेश गरेको बारे।

प्रस्तुत विषयमा यस बारेकोट गाउँपालिका, जाजरकोटको क्षेत्र भित्र नरसिङ्गाड खोला क्षेत्रमा रहेका ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौट आदि उत्खनन तथा विक्री बितरण तथा निकासीमा कर संकलन गर्ने आ.व. २०७८/०७९ को लागि ठेक्का बन्दोवस्त गर्ने सम्वन्धी बारेकोट गाउँपालिकाको मिति २०७८/१२/०२ गते प्रकाशित १५ दिने सिलबन्दी दरभाउपत्र सूचना आव्हान भए बमोजिम तपशिलमा लेखिए अनुसार रु. ............. अक्षेरपी ................................ मा ठेक्का लिन मन्जुरी भएकोले धरौटी वापत रु. .................... अक्षेरपी .................................... रुपैयाँ को बैंक भौचर/...................................... यसै साथ संलग्न राखी सिलबन्दी दरभाउपत्र दाखिला गरेको छु।

तपशिल

**ठेक्काको नाम :-** नलसिङ्गाड खोला क्षेत्रमा रहेको नदिजन्य पदार्थको उत्खनन तथा बिक्री वितरण कार्य

| सूचना नं | कामको विवरण | न्यूनतम परिमाण | कबोल अंक रु. VAT कर समेत | | धरौटी जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | | |
| ०७८/०७९ /०१ | नरसिङ् गाड खोलामा ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौट उत्खनन, संकलन, निकासी विक्री, कर संकलन कार्य | १०००० घ.मि. | | | | |

**निवेदक**

नाम :-
बाबुको नाम :-
बाजेको नाम :-
उमेर :-
फर्म :-
ठेगाना :-
दस्तखत :-
फर्मको हकमा पद :-
मिति :-